तामाकोशी गाउँपालिका
Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3 No. Province, Nepal
website:www.tamakoshimun.gov.np
e-mail:cao@tamakoshimun.gov.np


पत्र संख्या/Reference No.: २०७५/०७६
चलानी नंबर/Dispatch No.: ५६७

मितिः २०७५।११।०१

विषयः विवरण उपलव्ध गराउनुहुन ।

श्री वडा कार्यालयहरु सबै (७)

जिल्ला आयोजना कार्यान्वयव इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), दोलखाको प.सं. २०७५।०७६, च.नं. १७५४, मिति २०७५।१०।२७ को पत्रको छायाँप्राति साथै संलग्न छ । सोही पत्रबाट व्यहोरा अवगत गरी **भूकम्पवाट निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३** विपरित व्यहोरा ढाँटी अनुदान रकम बुझिलिने लाभग्राहीको विवरण उपलव्ध गराउनुहुन सूचित गरिन्छ ।

..........................
(दीपेश कट्टेल)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वय इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई

## (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

चरिकोट, दोलखा ।

प.सं. २०७५/०७६
च.नं.१६७४

मिति :-२०७५।१०।२७

विषयः **विवरण उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री भिमेश्वर, जिरी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, दोलखा ।
श्री तामाकोशी, वैतेश्वर, विगु, कालिन्चोक, मेलुङ, शैलुङ, गौरीशंकर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दोलखा ।

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५/०५/२१ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको वैठकको निर्णय लाई उद्धृत गरी केन्द्रिय आयोजना कार्यान्वयन इकाई, (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ज्वागल, ललितपुरको च.नं. ५९३, मिति २०७५/१०/१७ एवं जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखाको च.नं. १६६७, मिति २०७५/१०/१७ को पत्र प्राप्त भएको छ । उक्त पत्रानुसार भुकम्पबाट क्षतिग्रस्त भएको घर बाहेक सोही स्थान वा अन्यत्र बसोवास योग्य घर भएको अवस्थामा वा दुई स्थानमा घर प्रवलीकरण/पुनर्निर्माण गर्नुपर्ने अवस्थामा कुनै भूकम्पपिडित निजी आवास लाभग्राहीले **भूकम्पबाट निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७३** विपरित व्यहोरा ढाँटी अनुदान रकम बुझिलिएको भएमा उक्त रकम फिर्ता गर्न सार्वजनिक सूचना जारी गर्ने र तोकिएको समय सिमा भित्र त्यस्तो अनुदान रकम फिर्ता नगर्ने भूकम्पपिडितबाट सरकारी बाँकी सरह असुलउपर गर्ने भनि निर्देशन प्राप्त भएको छ । तसर्थ तहाँ पालिकामा **भूकम्पबाट निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७३** विपरित व्यहोरा ढाँटी अनुदान रकम बुझिलिने लाभग्राहीहरूको विवरण यस कार्यालयमा यथासक्य छिटो पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ ।

(निर्मल दर्शन आचार्य)
कार्यालय प्रमुख

**बोधार्थः**

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), ज्वागल, ललितपुर ।
श्री जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखा ।